नेपाली भाषामा आगन्तुक शब्दको आगमन र प्रयोग

मीरा प्रधान
सहप्राध्यापक, जनमैत्री बहुमुखी क्याम्पस, काठमाडौँ
इमेल : pradhanmps@gmail.com
DOI: https://doi.org/10.3126/prajna.v126i1.86300

लेखसार

प्रस्तुत लेखमा नेपाली भाषामा प्रचलनमा रहेका आगन्तुक शब्दको आगमन र प्रयोगको अवस्थाका सम्बन्धमा चर्चा गरिएको छ । नेपाली भाषामा नेपालभित्र बोलिने विभिन्न राष्ट्रिय भाषा तथा नेपालबाहिर बोलिने अन्तर्राष्ट्रिय भाषाबाट आएर प्रयोगमा रहेका आगन्तुक शब्दहरू प्रशस्त रहेका छन् । विज्ञान प्रविधिको विकाससँगसँगै यसको प्रयोग दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । विज्ञान प्रविधिले आविष्कार गरेका नयाँनयाँ वस्तु तथा सेवाको नाम र काम एवम् अन्य विविध कारणले थपिएका शब्दहरूलाई हामीले जस्ताको तस्तै अनुकरण र प्रयोग गरेका कारणले पनि यो अवस्था सिर्जना भएको हो भन्न सकिन्छ । नेपाली भाषामा यस्ता शब्दहरू स्रोतभाषामा जस्तो छ त्यही रूपमा, नेपालीकरण गरेर, स्रोतभाषामा जस्तै र नेपालीकरण दुवै रूपमा प्रयोग गरिएको भेटिन्छ । नेपाली भाषामा कुनै विषय वा क्षेत्रमा अधिकांश प्रयोग भएका तथा नेपाली शब्दसरह (जतासुकै) प्रयोग भएका आगन्तुक शब्दहरू पनि प्रशस्त रहेका छन् । एउटै अर्थ बुझाउन एउटै भाषाबाट तथा दुई वा दुईभन्दा बढी भाषाबाट आएका फरक फरक आगन्तुक शब्दहरू पनि भेटिएका छन् । केही आगन्तुक शब्दहरू अनेकार्थी रहेका छन् । यस लेखमा नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्दहरूको अध्ययनका लागि प्रज्ञा नेपाली बृहत् शब्दकोश (२०७९) को ४३४ (२०.६१%) नमुना पृष्ठमा रहेका नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्द आगमनका स्रोतभाषाहरू पहिचान गरी प्रयोग अवस्थाको चर्चा गर्दै निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी : अन्तर्राष्ट्रिय भाषा, आगन्तुक शब्द, नेपालीकरण, राष्ट्रिय भाषा, स्रोतभाषा ।

विषयपरिचय

'आगन्तुक' को अर्थ अतिथि, पाहुना, कतैबाट आएको, अचानक आएको हुन्छ भने 'शब्द' लाई स्वतन्त्र रूपमा वाक्यमा प्रयोग गर्न सकिने रूपभन्दा ठुलो र पदावली (शब्द समूह) भन्दा सानो अर्थयुक्त भाषिक एकाइका रूपमा अर्थ्याउन सकिन्छ । *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९) मा आगन्तुक शब्दको अर्थ "अर्को भाषाबाट आएर प्रयोग भएको शब्द; बाहिरी स्रोतको शब्द" भनेर दिइएको छ । 'आगन्तुक शब्द'लाई प्रयोग र परिभाषित गर्ने काम सबभन्दा पहिले हेमराज पण्डितले आफ्नो व्याकरणको पुस्तक *चन्द्रिका गोरखाभाषा व्याकरण* (१९६९) मा गरेको भेटिन्छ । संस्कृत आदि भाषाबाट विकृत (बिग्रेको) वा अविकृत स्वरूपले हाम्रो भाषामा आएका शब्दलाई 'आगन्तुक

शब्द' भन्दछन् (पण्डित, २०४२, पृ. ४५० र ४९०) । उनले संस्कृत, अरबी, फारसी, अङ्ग्रेजी, हिन्दी, नेवारी आदि भाषाबाट उस्तै रूपमा आएका र केही विकार भएर आएका शब्दको उदाहरण पनि दिएका छन् । भाषान्तर शब्दका रूपमा नेपाली भाषामा संस्कृतबाहेक अरबी, फारसी, अङ्ग्रेजी, उर्दू आदि अरू भाषाबाट कोही तत्सम कोही तद्भव शब्द हुन्छन् भनेका छन् । यसरी पण्डितले जुनसुकै भाषाबाट नेपाली भाषामा आएका शब्दहरूलाई आगन्तुक शब्द मानेर त्यस्ता शब्दहरू अविकृत (रूप परिवर्तन नभइकन) स्वरूपले आएका छन् भने तत्सम र विकृत स्वरूपले आएमा तद्भव शब्द भनेका छन् । यसरी पण्डितले सबभन्दा पहिले आगन्तुक शब्दको परिभाषा र उदाहरण दिएका छन् ।

यसपछि बालचन्द्र शर्माको सम्पादनमा रोयल नेपाल एकेडेमी, काठमाडौँबाट प्रकाशित *नेपाली शब्द-कोश* (२०१९) मा प्रविष्टिमा रहेका आगन्तुक शब्दहरू अङ्ग्रेजी, अरबी, चिनियाँ, जापानी, तुर्की, नेवारी, नेपाली (नेवारीबाहेक अन्य भाषाबाट आएका शब्दको उपपत्ति जनाउँदा 'नेपाली' भनी जनाइएको), पुर्तगाली, फारसी, फ्रेन्च, स्पेनिस, हिन्दी आदि भाषाबाट नेपाली भाषामा आएको भनी स्रोत उल्लेख गरिएको छ । यस कोशको प्रस्तावनामा भनिएको छ, "विशेषतः कानुन र व्यवस्थासम्बन्धी शब्दावलीमा अरबी र फारसीको व्यापक प्रभाव परेको देखिन्छ । यसको कारण मध्ययुगमा भारतमा रहेको मुस्लिम आधिपत्य र त्यससितको सम्बन्ध हो । अनि यसपछि भारतमा कायम भएका पुर्तगाली, फ्रान्सिसी र अङ्ग्रेजी प्रभुताले पनि उसैगरी हाम्रो भाषामा प्रभाव पार्दै गएको प्रमाणको पनि न्यूनता छैन ।" यसरी शर्माले अन्तर्राष्ट्रिय भाषाबाट आएका आगन्तुक शब्दको प्रभाव खास गरी कानुन र व्यवस्थासम्बन्धी शब्दावलीमा परेको उल्लेख गरेको भए तापनि वर्तमान समयमा हरेक विषय र क्षेत्रमा यस्ता शब्दको प्रयोग दिनप्रतिदिन बढ्दै गएको देखिन्छ । उक्त प्रस्तावनामा प्रचलित नेपाली भाषामा देशका विभिन्न क्षेत्र एवम् वर्गका भाषा र बोलीको प्रभाव परेको उल्लेख गर्दै नेवारी भाषामा केही खोजी भए तापनि अन्य भाषा र बोलीमा खासै खोजी हुन नसकेको बताइएको छ । यसैले नेवारीबाहेक अन्य भाषाबाट आएका शब्दको उपपत्ति जनाउँदा 'नेपाली' भनी जनाइएको जानकारी पनि दिइएको छ, किनकि जुनसुकै वर्ग र क्षेत्रका भए तापनि ती शब्द नेपाल देशका र नेपाली नै रहेको शर्माको तर्क छ । उक्त शब्दकोशमा नेवारी भाषाबाट आएका आगन्तुक शब्दहरूलाई नेवा. (नेवारी) र नेवारीबाहेक नेपालभित्रका अन्य भाषाबाट आएका शब्दहरूलाई ने. (नेपाली) भनिएको छ । यसरी नेपाली शब्दकोशमा प्रविष्टि भएका शब्दहरूको शब्दस्रोत छुट्याउने काम सर्वप्रथम बालचन्द्र शर्माले सुरु गरेका छन् ।

संसारका धेरै भाषाहरूमा आफ्नो भाषाका मात्र शब्द हुँदैनन्, अरू भाषाका शब्दहरू पनि आवश्यकताअनुसार ग्रहण गरिएका हुन्छन् । नेपाली भाषामा पनि परम्परानुगत शब्दहरूबाहेक अरू भाषाबाट आएका शब्दहरू पनि छन्, जसलाई नेपाली विद्वान्हरूले आगन्तुक शब्द भनेका छन् (रेग्मी, २०२५, पृ. ८६); कुनै एक भाषामा कुनै अर्को भाषाबाट ग्रहण गरिएको शब्दलाई 'आगन्तुक शब्द' भनिन्छ । यसलाई पाहुना शब्द, सापटी शब्द, ऋण शब्द र विदेशी शब्द पनि भनिन्छ (शर्मा, २०३६, पृ. १५९); संस्कृतबाहेक अरू जुनसुकै भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ (न्यौपाने, २०५१, पृ. २४३); आफ्नै देशभित्र बोलिने भाषा (नेवारी, मगर, तामाङ, मैथिली आदि) बाट होस् अथवा देशबाहिर बोलिने भाषा (अरबी, फारसी, अङ्ग्रेजी, पुर्तगाली आदि) बाट होस्, अन्य भाषाबाट ग्रहण गरिएका सबै शब्दहरू आगन्तुक वर्गमा पर्छन् (शर्मा, २०७१, पृ.

१०९); संस्कृतबाहेक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषाबाट नेपालीमा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ (पोखरेल र प्रधान, २०८१, पृ. ४९) भनी आगन्तुक शब्दलाई परिभाषित गरिएको पाइन्छ। विभिन्न विद्वान्हरूले माथि दिएको परिभाषा र हाल यस्ता शब्दहरू प्रयोगको अवस्थालाई हेर्दा संस्कृतबाहेक आफ्नै देशभित्र बोलिने तथा देशबाहिर बोलिने भाषाहरूबाट नेपाली भाषामा आएका शब्दहरूलाई 'आगन्तुक शब्द' भन्न सकिन्छ।

विभिन्न क्षेत्रमा आगन्तुक शब्दहरूको प्रयोग दिन प्रतिदिन बढ्दै गइरहेको सन्दर्भमा नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्दहरू कुन कुन भाषाबाट आएका छन् र कुन कुन भाषाका शब्दहरू अलि बढी रहेका छन् भन्ने बारेमा जानकारी दिँदै नेपाली भाषामा प्रयोग भइरहेका आगन्तुक शब्द आगमनको स्रोतभाषाको खोजी गरी प्रयोगको अवस्था (नेपालीकरण गरेर, स्रोतभाषामा जस्तै गरी, दुवै रूपमा, अनेकार्थी शब्दका रूपमा आदि) को अध्ययनमा प्रस्तुत लेख केन्द्रित रहेको छ। नेपाली भाषामा प्रयोग भइरहेका आगन्तुक शब्द आगमनका स्रोतभाषाहरू कुन कुन हुन्, नेपालभित्र तथा बाहिर बोलिने कुन कुन भाषाबाट के कति आगन्तुक शब्द आएका छन्, कुन कुन भाषाबाट अलि बढी आएका छन् भन्ने कुरा खोजी गरी ती शब्दहरूको प्रयोगको अवस्था प्रस्तुत गर्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ।

अध्ययनको विधि

प्रस्तुत लेख निगमनात्मक र विश्लेषणात्मक विधिमा आधारित छ। यस लेखमा नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्दको अध्ययनका लागि मुख्य आधार *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९) लाई मानिएको छ। यसै शब्दकोशबाट नमुना पृष्ठ छनोट गरी नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्द आगमनका स्रोतभाषाहरू खोजी गरी तिनको प्रयोगको अवस्था सम्बन्धमा अध्ययन गरिएको छ। कुनै निश्चित आधारअनुसार कोशमा उद्दिष्ट प्रविष्टिहरूको क्रमिक विन्यास गर्नु प्रविष्टि अनुक्रम हो र यसकै आधारमा कोशले वैज्ञानिकता प्राप्त गरेको हुन्छ (लम्साल, २०४६, पृ. १५८)। नेपाली शब्दकोशहरूमा आगन्तुक शब्दको प्रविष्टि छुट्टै अनुक्रममा नदिएर समग्रमा दिइएको हुनाले मूल प्रविष्टिमा शब्दसँगै दिइएको स्रोतभाषाका आधारमा उक्त आगन्तुक शब्द स्वदेशी हो कि विदेशी हो भनी छुट्याउनुपर्ने हुन्छ। स्रोतभाषामा उक्त शब्दको संरचना फरक भएमा त्यसको जानकारी र शब्दवर्ग पनि त्यहीँ दिइएको भेटिन्छ। त्यसैले यस अध्ययनमा *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९) बाट छनोट गरिएका नमुना पृष्ठहरूबाट यसै आधारमा शब्दहरू सङ्कलन गरेर विश्लेषण गरिएको छ।

विमर्श र नतिजा

नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्दहरूलाई निम्नलिखित सूचकहरूका आधारमा विश्लेषण गरिएको छ :

नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्दका स्रोतभाषाहरू

नेपालीमा देशभित्र र देशबाहिरका विभिन्न भाषाहरूबाट शब्द ग्रहण गरिएका छन्। जुन शब्द जुन भाषाबाट ग्रहण गरिन्छ त्यसलाई सो शब्दको स्रोत वा स्रोतभाषा भनिन्छ (शर्मा, २०७१,

पृ. ११०)। स्रोतभाषाका आधारमा नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्दहरू मुख्यतः दुई प्रकारका छन् : स्वदेशी आगन्तुक शब्द र विदेशी आगन्तुक शब्द। *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९) को अग्र भागमा रहेको सङ्केतसूचीमा दिइएको सूचना र मध्य भागमा दिइएको निर्देशनका आधारमा स्वदेशी आगन्तुक शब्दहरूमा अवधी, उराउ, किरात, केवरत, कोइच, खाम्ची, गुरुङ, घले, चेपाङ, छन्त्याल, जिरेल, तामाङ, ताजपुरिया, थकाली, थारू, दनुवार, दुरा, धिमाल, नेवारी, पहरी, बराम, भोटे, भोजपुरी, मगर, मनाङे, मराठी, मैथिली, याक्खा, राई, राउटे, राजवंशी, लिम्बू, लेप्चा, शेर्पा, सतार, सुनुवार, सुरेल, ह्योल्म गरी ३८ भाषाका रहेका छन् भने विदेशी आगन्तुक शब्दहरूमा अङ्ग्रेजी, अरबी, असमी, उर्दू, ग्रिक, चिनिया, जर्मनेली, जापानी, तिब्बती, तुर्की, दार्जिलिङ, पुर्तगाली, फारसी, फ्रेन्च, बङ्गाली, भुटानी, रुसी, स्पेनिस, हिन्दी, आगन्तुक (स्रोतभाषा उल्लेख नगरी आगन्तुक शब्द मात्र भनिएका शब्दहरूलाई विदेशी आगन्तुक शब्दको सूचीमा राखिएको) गरी २० भाषाका रहेका छन्। यस शब्दकोशमा जम्मा २१०६ पृष्ठसङ्ख्या र १,२८,३४४ शब्दसङ्ख्या रहेको छ। यस आधारमा हेर्दा १ पृष्ठमा औसत ६१ ओटा शब्द रहने देखिन्छ। यस लेखमा *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९) मा रहेको जम्मा २१०६ पृष्ठमध्ये ४३४ (२०.६१%) नमुना पृष्ठ छनोट गरी ती पृष्ठमा रहेका आगन्तुक शब्दहरूको अध्ययन गरिएको छ। नमुना पृष्ठ छनोट गर्दा १०० पृष्ठको अन्तराल (१-१०१-२०१-३०१- ...) मा २२ पृष्ठ, ५० पृष्ठको अन्तराल (५०-१००-१५०- ...) मा ४२ पृष्ठ, ४० पृष्ठको अन्तराल (४०-८०-१२०- ...) मा ५३ पृष्ठ, २० पृष्ठको अन्तराल (२-२२-४२- ...) मा १०६ पृष्ठ र १० पृष्ठको अन्तराल (४-१४-२४- ...) मा २११ पृष्ठ गरी जम्मा ४३४ पृष्ठ रहेका छन्। नमुना छनोट गरिएका ४३४ पृष्ठमा प्रति पृष्ठ ६१ ओटा शब्दका दरले जम्मा २६,४७४ (२०.६३%) शब्दसङ्ख्या रहने अनुमान गरिएको छ। यी पृष्ठहरूमा आगमनको स्रोत स्वदेशी भाषा रहेका आगन्तुक शब्दहरूको सङ्ख्या र प्रतिशतलाई तल तालिकामा देखाइएको छ :

स्वदेशी भाषाबाट आएका आगन्तुक शब्दहरू

क्र. सं.	भाषा	शब्दसङ्ख्या	प्रतिशत	कैफियत
१.	राई	३२९	१.२४	
२.	नेवारी	१७६	०.६७	
३.	थारू	१४१	०.५३	
४.	मगर	१२६	०.४८	
५.	लिम्बू	९३	०.३५	
६.	गुरुङ	४२	०.१६	
७.	मैथिली	३३	०.१२	
८.	अवधी	३०	०.११	
९.	थकाली	१८	०.०७	
१०.	शेर्पा	१५	०.०६	
११.	सुनुवार	१५	०.०६	
१२.	ताजपुरिया	१०	०.०४	
१३.	भोजपुरी	९	०.०३	
१४.	याक्खा	७	०.०३	
१५.	उराउ	६	०.०२	

१६.	किरात	६	०.०२	
१७.	राजवंशी	६	०.०२	
१८.	कोइच	५	०.०२	
१९.	भोटे	५	०.०२	
२०.	तामाङ	५	०.०२	
२१.	घले	४	०.०२	
२२.	जिरेल	४	०.०२	
२३.	दुरा	४	०.०२	
२४.	बराम	३	०.०१	
२५.	सतार	३	०.०१	सतार जातिले बोल्ने भाषा
२६.	ह्योल्म	३	०.०१	
२७.	छन्त्याल	२	००	
२८.	दनुवार	१	००	
२९.	धिमाल	१	००	
३०.	राउटे	१	००	
३१.	लेप्चा	१	००	रोङ भाषा
३२.	केवरत	-	-	
३३.	खाम्ची	-	-	राउटे भाषा
३४.	चेपाङ	-	-	
३५.	पहरी	-	-	
३६.	मनाङे	-	-	
३७.	मराठी	-	-	
३८	सुरेल	-	-	
जम्मा		११०४	४.१७	

माथि दिइएको तालिकाअनुसार छनोट गरिएका ४३४ पृष्ठमा स्वदेशी भाषाका आगन्तुक शब्दहरू ११०४ ओटा भेटिएका छन् । यी पृष्ठहरूमा प्रति पृष्ठ ६१ ओटा शब्दका दरले जम्मा २६,४७४ शब्दसङ्ख्या रहेको मान्दा स्वदेशी आगन्तुक शब्द ४.१७ प्रतिशत मात्र आएको देखिन्छ । यी भाषाहरूमा राई भाषाबाट ३२९ (१.२४%) ओटा, नेवारी भाषाबाट १७६ (०.६७%) ओटा, थारू भाषाबाट १४१ (०.५३%) ओटा, मगर भाषाबाट १२६ (०.४८% ओटा, लिम्बू भाषाबाट ९३ (०.३५%) ओटा, गुरुङ भाषाबाट ४२ (०.१६%) ओटा, मैथिली भाषाबाट ३३ (०.१२%) ओटा, अवधी भाषाबाट ३० (०.११%) ओटा आगन्तुक शब्दहरू नेपाली भाषामा आएर प्रयोग भइरहेको भेटिन्छ । नेपालभित्रका भाषाहरूमा थकाली, शेर्पा, सुनुवार, ताजपुरिया, भोजपुरीलगायत २३ ओटा भाषाहरूबाट आएका आगन्तुक शब्दहरू ०.१ प्रतिशतभन्दा कम रहेको छ भने केवरत, खाम्ची, चेपाङ, पहरी, मनाङे, मराठी, सुरेल गरी ७ ओटा भाषाबाट आएका शब्दहरू यी पृष्ठमा भेटिएनन् । स्वदेशी भाषामध्ये राई भाषाबाट सबैभन्दा बढी शब्दहरू आएको देखिए पनि यी शब्दहरू अधिकांश राई भाषाको थर बुझाउने रहेका छन् ।

तल तालिकामा विदेशी भाषाबाट आएका आगन्तुक शब्दहरूको सङ्ख्या र प्रतिशत देखाइएको छ :

विदेशी भाषाबाट आएका आगन्तुक शब्दहरू

क्र. सं.	भाषा	शब्दसङ्ख्या	प्रतिशत	कैफियत
१.	अङ्ग्रेजी	५१२	१.९३	
२.	अरबी	३३०	१.२५	
३.	फारसी	२८५	१.०८	
४.	असमी	१४८	०.५६	
५.	दार्जिलिङ	५०	०.१९	
६.	हिन्दी	४९	०.१९	
७.	भुटानी	२०	०.०८	
८.	चिनियाँ	१९	०.०७	
९.	तुर्की	१८	०.०७	
१०.	आगन्तुक	१२	०.०५	स्रोत उल्लेख नगरिएको
११.	पुर्तगाली	६	०.०२	
१२.	ग्रिक	२	००	
१३.	जापानी	२	००	
१४.	फ्रेन्च	१	००	
१५.	उर्दू	-	-	
१६.	जर्मनेली	-	-	
१७.	तिब्बती	-	-	
१८.	बङ्गाली	-	-	
१९.	रुसी	-	-	
२०.	स्पेनिस	-	-	
जम्मा		**१४५४**	**५.४९**	

माथि दिइएको तालिकाअनुसार छनोट गरिएका ४३४ पृष्ठमा विदेशी भाषाका आगन्तुक शब्दहरू १४५४ (५.४९%) ओटा भेटिएका छन् । यी भाषाहरूमा अङ्ग्रेजी भाषाबाट ५१२ (१.९३%) ओटा, अरबी भाषाबाट ३३० (१.२५%) ओटा, फारसी भाषाबाट २८५ (१.०८%) ओटा, असमी भाषाबाट १४८ (०.५६% ओटा, दार्जिलिङ भाषाबाट ५० (०.१९%) ओटा, हिन्दी भाषाबाट ४९ (०.१९%) आगन्तुक शब्दहरू नेपाली भाषामा आएर प्रयोग भइरहेको भेटिन्छ । विदेशी भाषाहरूमा भुटानी, चिनियाँ, तुर्की, पुर्तगालीलगायत ८ ओटा भाषाहरूबाट आएका आगन्तुक शब्दहरू ०.१ प्रतिशतभन्दा कम रहेको छ भने उर्दू, जर्मनेली, तिब्बती, बङ्गाली, रुसी, स्पेनिस गरी ६ ओटा भाषाबाट आएका शब्दहरू यी पृष्ठमा भेटिएनन् ।

माथि दिइएको तालिकाअनुसार स्वदेशी भाषाहरूबाट (४.१७%) र विदेशी भाषाहरूबाट (५.४९%) गरी झन्डै १0% आगन्तुक शब्दहरू नेपाली भाषामा रहेको भेटिन्छ । वर्तमान समयमा

विज्ञान र प्रविधिको द्रुततर विकास एवम् नयाँ आविष्कार भएका वस्तु तथा सेवाका लागि आफ्नै भाषामा शब्द निर्माण गर्ने परम्परा कम भएको परिप्रेक्ष्यमा आगन्तुक शब्दको आगमन दिनप्रतिदिन बढ्दै जाने कुरा भने सहजै अनुमान गर्न सकिन्छ ।

नेपाली भाषामा आगन्तुक शब्द प्रयोगको अवस्था

नेपाली भाषामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषाबाट प्रशस्त मात्रामा आगन्तुक शब्दहरू आएर प्रयोग भए तापनि ती शब्दहरू प्रयोगको अवस्था समान रहेको पाइँदैन । ज्ञान, विज्ञान र प्रविधिको विकासले गर्दा नयाँ नयाँ वस्तु तथा सेवाको आविष्कार गरेर सुविधाहरू थपिँदै जाँदा शब्दभण्डारमा शब्दहरू थपिने तथा नयाँ शब्द निर्माण हुने क्रम बढिरहेको छ । नयाँ वस्तु तथा धारणाका बारेमा वर्णन गर्नुपर्दा अथवा नयाँ वस्तु वा सेवाको आविष्कार हुँदा नयाँ शब्दको आवश्यकता पर्दछ नै । यसका लागि आवश्यक पर्ने शब्दहरू संसारका कुनै पनि भाषामा पहिले नै भएका हुँदैनन् । ज्ञान, विज्ञान तथा प्रविधिका क्षेत्रमा भएका यस्ता नयाँ नयाँ प्रगतिलाई अभिव्यक्त गर्नका लागि संसारका हरेक भाषाले निरन्तर रूपमा नयाँ नयाँ शब्दहरूको निर्माण, प्रयोग विस्तार र स्वीकरण गरिरहनुपर्ने हुन्छ । ज्ञानविज्ञानका विभिन्न विषय र क्षेत्रमा भएका नयाँ नयाँ उपलब्धिलाई समेट्ने गरी शब्द निर्माण गर्ने कार्यलाई शब्द निर्माण वा कोडीकरण भनिन्छ । यसरी नयाँ शब्द निर्माण गर्ने सन्दर्भमा मुख्यतः तीन प्रकारका मत अगाडि आएको देखिन्छ : लोकवादी मत, राष्ट्रियतावादी मत र अन्तर्राष्ट्रियतावादी मत (श्रीवास्तव, सन् १९९७, पृ. १६९) । जनमानसमा भिजिसकेका (सर्वसाधारणमा व्यापक रूपमा प्रयोग भएका) शब्दहरूलाई जुनसुकै स्रोतबाट आएका भए पनि जस्ताको तस्तै औपचारिक रूपमा मान्यता प्रदान गर्ने कुरालाई लोकवादी प्रवृत्ति, आगन्तुक शब्दहरूलाई नेपालीकरण गरेर मात्र प्रयोग गर्नुलाई राष्ट्रियतावादी प्रवृत्ति र भरखर आविष्कार भएका वस्तु तथा सेवालाई जनाउन आफ्नो भाषामा उपयुक्त शब्दको अभाव भएमा अन्य भाषाबाट जस्ताको तस्तै आयात गरेर प्रयोग गर्नुलाई अन्तर्राष्ट्रियतावादी प्रवृत्ति भनिन्छ । नेपाली भाषामा यी तिनै प्रक्रियाबाट आगन्तुक शब्दहरू आएर प्रयोग भइरहेका छन् । विकसित देशहरूका तुलनामा हाम्रो जस्तो विकासोन्मुख देशहरूमा विज्ञान तथा प्रविधिको क्षेत्रमा कमै विकास हुने तथा नयाँ शब्दहरू सामान्यतया यस क्षेत्रमा बढी थपिने कारणले आफ्नै भाषाको उन्नयन गरी नेपाली शब्दभण्डार समृद्ध बनाउने काम निकै चुनौतीपूर्ण रहेको छ ।

नेपाली भाषामा प्रयोग भएका केही आगन्तुक शब्दहरू नेपालभित्रकै अन्य भाषाका छन् भने अन्तर्राष्ट्रिय (अङ्ग्रेजी, हिन्दी, उर्दू, अरबी, फारसी, बङ्गाली आदि) भाषाबाट आएका शब्दहरू पनि प्रशस्त रहेका छन् । यस्ता शब्दहरूलाई अपरिवर्तित (अन्य भाषाबाट नेपालीमा जस्ताको तस्तै आएका) र परिवर्तित (अन्य भाषाबाट फेरिएर नेपालीमा आएका) आगन्तुक शब्द (शर्मा, २०७१, पृ. १०९) भनेर वर्गीकरण गरिएको पाइन्छ । यसरी आएका कतिपय शब्दहरू स्रोतभाषामा जस्तो छ त्यही रूपमा प्रयोग गरिएका छन् भने कतिपय शब्दहरू नेपालीकरण गरेर मात्र प्रयोग भएका छन् । कतिपय शब्दहरू त स्रोतभाषामा जस्तै र नेपालीकरण पनि गरेर दुवै रूपमा प्रयोग गरिएका छन् । केही अनेकार्थी आगन्तुक शब्दहरू पनि भेटिन्छन् । कतिपय आगन्तुक शब्दहरू नेपाली शब्दसरह (जतासुकै) उपसर्ग, प्रत्यय लागेर, समास तथा द्वित्व भएर प्रयोग भइरहेका छन् । यस लेखमा यी विभिन्न प्रक्रियाबाट आएर नेपाली भाषामा प्रयोग भएका आगन्तुक शब्दहरू *प्रज्ञा नेपाली बृहत्*

शब्दकोश (२०७९) बाट सङ्कलन तथा पहिचान गरी शब्दस्रोत र उदाहरणसहित प्रस्तुत गरिएको छ ।

१. नेपालीकरण गरेर प्रयोग गरिएका आगन्तुक शब्दहरू

विभिन्न भाषाबाट आएर नेपाली भाषामा प्रयोग भएका कतिपय आगन्तुक शब्दहरू नेपालीकरण गरिएका छन् । नयाँ शब्द निर्माण गर्ने वा अन्य भाषाबाट आएका शब्दहरूलाई जस्ताको तस्तै ग्रहण नगरी आफ्नो भाषाको उच्चारण स्वरूप र वर्णविन्यासको ढाँचाअनुसार परिवर्तन गरेर भित्राउने कुरालाई राष्ट्रियतावादी प्रवृत्ति भनिन्छ (श्रीवास्तव, सन् १९९७, पृ. १६९) । यसै प्रवृत्तिअनुरूप यी शब्दहरू नेपाली भाषामा भित्रिएका हुन् । यस्ता शब्दहरूलाई शर्मा (२०७१, पृ. १०९) ले परिवर्तित आगन्तुक शब्द भनेका छन् । उदाहरणका लागि अक्ल (अ.) लाई अकल, अथल (नेवा.) लाई अटल, अनुठा (हि.) लाई अनौठो, अवाः (नेवा.) लाई अवाल, अल्फिनेट (पुर्त.) लाई आलपिन, अशरफी (फा.) लाई असर्फी, आमदनी (फा.) लाई आम्दानी, आलमारियो (पुर्त) लाई आलमारी, आलुबुखुरा (फा.) लाई आलुबखडा, उज्र (अ.) लाई उजुर, इनआम (अ.) लाई इनाम, इन्साफ (अ.) लाई निसाफ, इल्म (अ.) लाई इलम, आइना (फा.) लाई ऐना, कद्र (अ.) लाई कदर, कायद (अ.) लाई काइदा, किस्स (अ.) लाई किस्सा, क्लिप ((अङ्), लाई खिप, क्याप्टन (अङ्) लाई कप्तान, खलीता (फा.) लाई खल्ती, खल्क (अ.) लाई खलक, खस्म (अ.) लाई खसम, खानगी (फा.) लाई खान्की, गलती (अ.) लाई गल्ती, गलब (अ.) लाई गलबन्दी, ग्लास (Glass) लाई गिलास, गो डाउन (Go Down) लाई गोदाम, चालाक (फा.) चलाक/चलाख, छेलि (नेवा.) लाई छिँडी, जानवर (फा.) लाई जनावर, दुकान (फा.) लाई दोकान, नफल (अ.) लाई नाफा, नाशपाती (फा.) लाई नास्पती, नुक्सान (अ.) लाई नोक्सान, पायजामा (फा.) लाई पाइजामा, पायजेब (फा.) लाई पाउजु, पायपोश (फा.) लाई पाउपोस, पाव + रोटी (पोर्तु.) लाई पाउरोटी, प्यान्ट (अङ्.) लाई पाइन्ट, फरमाइस (फा.) लाई फुर्मास, फरेनर (Foreigner) लाई फिरङ्गी, फुरसत (अ.) लाई फुर्सत/फुर्सद, बकेट (Bucket) लाई बाल्टिन, मदद (अ.) लाई मद्दत, लिफाफ (अ.) लाई लिफा/लिफाफा, लेफ्टिनेन्ट (अङ्) लाई लप्टन, ल्यान्टन (Lantern) लाई लालटिन, ल्याम्प (अङ्) लाई लम्फा, शर्म (फा.) लाई सरम, शिकार (अ.) लाई सिकार, सलाह (अ.) लाई सल्लाह, हस्पिटल (Hospital) लाई अस्पताल, हिस्पानिया (ल्याट.) लाई स्पेन बनाएर प्रयोग गर्नुलाई लिन सकिन्छ । यस प्रवृत्तिले सकेसम्म आफ्नै स्रोत र प्रक्रियाबाट शब्द निर्माण गर्ने कुरालाई जोड दिएको पाइन्छ । यसरी आएका आगन्तुक शब्दहरूको प्रयोगको अवस्था पनि एकै प्रकारको भने पाइँदैन । यस्ता केही शब्दहरू वर्ण मात्र परिवर्तन गरेर तथा केही शब्दहरू अक्षरमा समेत नेपालीकरण गरेर प्रयोग गरिएको भेटिन्छ ।

२. स्रोतभाषामा जस्तो छ त्यही रूपमा प्रयोग गरिएका आगन्तुक शब्दहरू

नेपाली भाषामा स्रोतभाषामा जस्तो छ त्यही रूपमा प्रयोग गरिएका आगन्तुक शब्दहरू प्रशस्त रहेका छन् । यस्ता शब्दहरू धेरै पहिलेदेखि प्रयोग हुँदै आएको कुरा हेमराज पण्डितले *चन्द्रिका व्याकरण* (१९६९) मा अरबी, फारसी, अङ्ग्रेजी, हिन्दी, नेवारी आदि भाषाबाट आएका आगन्तुक शब्दको प्रशस्त उदाहरण दिएकोबाट पुष्टि हुन्छ । यस्ता शब्दहरू जनमानसमा भिजिसकेका (सर्वसाधारणमा व्यापक रूपमा प्रयोग भएका) शब्दहरूलाई जुनसुकै स्रोतबाट आएको

भए पनि जस्ताको तस्तै औपचारिक रूपमा मान्यता प्रदान गर्नुपर्छ भन्ने लोकवादी प्रवृत्तिअनुसार अथवा भरखर आविष्कार भएका वस्तु तथा सेवालाई जनाउन आफ्नो भाषामा उपयुक्त शब्दको अभाव भएमा अन्य भाषाबाट जस्ताको तस्तै आयात गरेर प्रयोग गर्नुपर्छ भन्ने अन्तर्राष्ट्रियतावादी प्रवृत्ति (श्रीवास्तव, सन् १९९७, पृ. १६९) को मान्यताअनुरूप भित्रिएका देखिन्छन्। यस्ता शब्दहरूलाई शर्मा (२०७१, पृ. १०९) ले अपरिवर्तित आगन्तुक शब्द भनेका छन्। जसरी भित्रिएका भए तापनि यस्ता शब्दहरू नेपाली भाषामा प्रशस्त रहेका छन्, जस्तैः

अक्सिजन (अङ्.) ना., अख्तियार (अ.) ना., अगस्त (अङ्.) ना., अङ्कल (अङ्.) ना., अङ्गुर (फा.) ना., अङ्ग्रेज (अङ्.) ना., अङ्ग्रेजी (अङ्.) वि., अचार (फा.) ना., अजा (नेवा.) ना., अजिमा (नेवा.) ना., अजी (नेवा.) ना., अटो (अङ्) ना., अतापता (हि.) ना., अतिपात (अस.) वि., अदालत (अ.) ना., अन (अङ्.) ना., अनमिन (अङ्.) ना., अनर (अङ्.) ना., अनार (फा.) ना., अन्जाम (फा.) ना., अन्टी (अङ्.) ना., अन्डर (अङ्) ना., अन्ती (नेवा.) ना., अन्दाज (फा.) ना., अन्दी (था.) ना., अन्धाधुन्ध (हि.) क्रिवि., अपडाउन (अङ्) क्रिवि., अपडेट (अङ्.) ना., अपरेटर (अङ्.) ना., अपरेसन (अङ्.) ना., अफ (अङ्.) ना., अफिस (अङ्.) ना., अफ्रिका (अङ्.) ना., अमन (अ.) ना., अमानत (अ.) ना., अम्पायर (अङ्.) ना., अम्लेट (अङ्.) ना., अयला (नेवा.) ना., अरब (फा.) ना., अर्गानिक (अङ्.) वि., अर्जेन्ट (अङ्.) ना., अर्डर (अङ्.) ना., अलबिदा (अ.) ना., अल्कोहल (अङ्) ना., अल्टिमेटम (अङ्) ना., अल्सर (अङ्.) ना., अब्बल (फा.) ना., असर (अ.) ना., असर्फी (फा.) ना., असल (अ.) वि., असिस्टेन्ट (अङ्.) ना., अस्ट्रेलिया (अङ्.) ना., इगो (अङ्.) ना., इचा (नेवा.) ना., इथर (अङ्.) ना., इद (अ.) ना., इसा (अ.) ना., इस्ट (अङ्.) ना., कमिज (अ.), कमिटी (अङ्), कमिसन (अङ्), केमिकल (अङ्), किलोमिटर ((अङ्), किसमिस (फा.), क्याजुअल (अङ्.) वि., क्याबिन (अङ्.) ना., क्यामरा (अङ्.) ना., क्याम्पस (अङ्.) ना., क्यालेन्डर (अङ्.) ना., खबर (अ.), नाजबाफ (अ.) ना., नाजुक (फा.) वि., नाबालिग (अ.) ना., नायब (अ.) वि., नालायक (फा.) वि., बगली (फा.) ना., सइ (लि.) ना., सखाप (अ.) ना., हबलदार (फा.) ना.आदि।

३. स्रोतभाषामा जस्तो छ त्यही रूपमा र नेपालीकरण पनि गरेर प्रयोग गरिएका आगन्तुक शब्दहरू

नेपाली भाषामा कतिपय आगन्तुक शब्दहरू स्रोतभाषामा जस्तो छ त्यस्तै र नेपालीकरण पनि गरेर प्रयोग गरिएका छन्। यसो गर्दा प्रयोगकर्तालाई केही सहज हुने देखिन्छ। कहिलेकाहीँ त दुवै रूप प्रयोग गर्दा अन्योलको अवस्था पनि आउन सक्छ। यस्ता शब्दहरू पनि नेपाली भाषामा प्रशस्त रहेका छन्। उदाहरणका लागि अबाद (फा. आबाद) ना., अप्रेटर (अङ्. अपरेटर) ना., अप्रेन्टिस (अङ्. एप्रेन्टिस) ना., अप्रेसन (अङ्. अपरेसन) ना., अयस ((अ. ऐश) ना., अरस्तु (ग्रि. एरिस्टोटल) ना., अलबम (फ्रे. एलबम), अल्बम ना., असामी (अ. आसामी) ना., असुल (अ. वसुल) ना., अस्पताल (अङ्. हस्पिटल) ना., अस्मान (फा. आस्मान) ना., इयरिङ (अङ्. इयर रिङ) यारिङ ना., इस्टकोट (अङ्. वेस्टकोट), इस्कोट, अस्कोट, अस्कट ना., कबाफ (अ. कबाब) ना., गयल (अ. गैर), गिलास (अङ्. ग्लास) ना., गुलाब (फा. गुलाफ), बाल्टिन (अ. बकेट + टिन) ना., लालटिन (अङ्. ल्यान्टर्न) ना., लम्फा (अङ्. ल्याम्प) ना. आदि।

४. एउटै अर्थ बुझाउन प्रयोग भएका दुईओटा आगन्तुक शब्दहरू

नेपाली भाषामा एउटै अर्थ बुझाउनका लागि दुईओटा आगन्तुक शब्दको प्रयोग भएको पनि भेटिएको छ । कतिपय यस्ता शब्दहरू दुई भाषाबाट आएका छन् भने केही एउटै भाषाबाट फरक फरक दुईओटा शब्द आएर प्रयोग भएका छन् । उदाहरणका लागि उपहार बुझाउनका लागि अरबी भाषाबाट नजराना र तुर्की भाषाबाट सौगात शब्द प्रयोग भएको छ । अनुकरण बुझाउनका लागि अरबी भाषाबाट नक्कल र अङ्ग्रेजी भाषाबाट क्यारिकेचर शब्द प्रयोग भएको छ । आभूषण वा गहना बुझाउनका लागि फारसी भाषाबाट जेबर र जेबरात शब्द प्रयोग भएको छ । इन्धन वा वाष्प शक्तिबाट लिकमा गुडेर चल्ने सवारी साधन बुझाउनका लागि अङ्ग्रेजी भाषाबाटै रेल र ट्रेन शब्द प्रयोग भएको छ । गोजी बुझाउनका लागि अरबी भाषाबाट जेब, अङ्ग्रेजी भाषाबाट पकेट र फारसी भाषाबाट बगली र खल्ती (खलीता) शब्द प्रयोग भएको छ । जीवन बुझाउनका लागि फारसी भाषाबाट जिन्दगी र जिन्दगानी शब्द प्रयोग भएको छ । परिणाम बुझाउनका लागि अरबी भाषाबाट नतिजा र अङ्ग्रेजी भाषाबाट रिजल्ट शब्द प्रयोग भएको छ । रुपैयाँ बुझाउनका लागि अरबी भाषाबाट नगद र अङ्ग्रेजी भाषाबाट क्यास शब्द प्रयोग भएको छ । उच्च शिक्षा दिने शैक्षिक संस्था बुझाउनका लागि अङ्ग्रेजी भाषाबाटै कलेज र क्याम्पस शब्द प्रयोग भएको छ । खेतीबारीलाई बुझाउनका लागि फारसी भाषाबाटै जग्गा (जायगाह) र जमिन तथा हिन्दीबाट जगह शब्द प्रयोग भएको छ । मिठो बास्ना बुझाउनका लागि फारसी भाषाबाट खुसबु र अङ्ग्रेजी भाषाबाट सेन्ट शब्द प्रयोग भएको छ ।

५. अनेकार्थी आगन्तुक शब्दहरू

नेपाली भाषामा प्रयोग भएका केही आगन्तुक शब्दहरू अनेकार्थी रहेका छन् । यस्ता शब्दहरूले नेपाली भाषामा भएका अनेकार्थी शब्दले जस्तै दुई वा दुईभन्दा बढी अर्थ दिने गर्दछ । उदाहरणका लागि

कट$_1$ (नेवा.) ना. १. रक्सी वा निगार निकालेर शेष रहेको जाँडको छोक्रा वा सिठ्ठी ।

कट$_2$ (भु.) ना. १. सारोगारो; अप्ठ्यारो; सकस ।

कट$_3$ (अङ्.) ना. १. बनोटको ढप; छाँट; काँट; छाँटकाँट । (उदा. अचेल राम त डेनीकट कपाल ढल्काएर हिँड्छ)

कल$_1$ (अङ्.) ना. १. टेलिफोनबाट हुने वा गरिने कुराकानीका निम्ति बोलावट वा खबर ।

कल$_2$ (दा.) ना. १. नालाबाट आएको पानीलाई खोल्ने बन्द गर्ने एक प्रकारको साधन ।

कु$_1$ (अङ्.) ना. १. सेनाले जबरजस्ती कुनै शासकको सत्ता पल्टाउने काम; सैनिक विद्रोह ।

कु$_2$ (मग.) ना. १. मामा ।

खुन$_1$ (फा.) ना. १. मानिस, पशु आदिका नाडी र नसाहरूमा रहेर शरीरभर फैलने रातो तरल पदार्थ; रगत २. रगतले शरीर लतपतिने गरी भएको हत्या; हिंसा; काटमार; घात ।

खुन$_2$ (फा.) ना. १. खोट; दोष । २. छुच्च्याइँ । ३. दाग; लाञ्छना; कलङ्क ।

खुसी$_1$ (फा. खुशी) ना. १. मनको भाव; इच्छा । २. मनमा हुने सुखद अनुभूति; हर्ष; प्रसन्नता ।

खुसी$_2$ (रा.) ना. १.नेपालको पूर्वी पहाडी क्षेत्र मूल थलो भएका राई जातिको एक थर ।

खुद१ (फा.) वि. १. आफैँ; स्वयम् । २. वास्तविक; खास । (उदा. खुद आय, खुद नाफा)

खुद२ (अस.) ना. १. कनिका ।

गोल१ (फा.) ना. १. रक्त सम्बन्ध वा अन्य कुनै सम्बन्धबाट बाँधिएको समूह । (गोल फुट्नु हुँदैन) २.समूह; जमात; झुन्ड ।

गोल२ (अङ्..) ना. १. खेलमा एक पक्षका खेलाडीहरूले सुरक्षा गर्दागर्दै पनि अर्को पक्षका खेलाडीहरूले निर्धारित ठाउँमा भकुन्डो आदि पुऱ्याई प्राप्त गरेको विजय । २. भकुन्डो, हकी आदि खेलमा पक्षतर्फबाट सुरक्षा गरिएको तर विपक्षका खेलाडीहरूले विजयका निम्ति भकुन्डो आदि पुऱ्याउनुपर्ने निर्धारित ठाउँ ।

जग१ (अङ्. ज्याक)) ना. १. मोटर, कार आदिलाई मर्मत गर्नुपर्दा चक्काको सट्टा भुइँमा टेकाएर बिस्तारै घुमाई गाडीलाई उचाल्ने र थाम्ने यन्त्र ।

जग२ (अङ्. जग)) ना. १. लोटाजस्तो एकातिर समाउने बिँड वा उभिन्डो भएको पानी उबाउने भाँडो; विशेष प्रकारको सुराही ।

सेन्ट१ (अङ्.) ना. १. राम्रो बास्ना । २. सुगन्धित बास्ना आउने तरल पदार्थ; त्यस्तो अत्तर ।

सेन्ट२ (अङ्.) ना. १.बेलायती मुद्रा पाउन्डको एक भाग (सिक्का) ।

हल२ (अ.) ना. १. कुनै कठिन प्रश्न, समस्या आदिको समाधान; निराकरणको उपाय ।

हल३ (अङ्.) ना. १. मानिसहरू समूहमा बस्न मिल्ने धेरै ठुलो कोठा वा भवन आदि ।

६. कुनै विषय वा क्षेत्रमा अधिकांश प्रयोग भएका आगन्तुक शब्दहरू

वर्तमान समयमा ज्ञानविज्ञानका विविध विषय वा क्षेत्रहरू रहेका छन् । खास खास विषय वा क्षेत्रमा चल्ने तथा विशिष्ट अर्थमा प्रयोग हुने शब्दलाई पारिभाषिक शब्द भनिन्छ । पारिभाषिक शब्दहरूलाई परिभाषा दिएरै अर्थ्याउनुपर्ने हुन्छ । यस्ता शब्दहरू संसारका जुनसुकै भाषामा पनि प्रशस्त रहेका हुन्छन् । नेपालमा कतिपय विषय वा क्षेत्रमा प्रयोग हुने अधिकांश पारिभाषिक/प्राविधिक शब्दहरू अन्य भाषाबाट आएको भेटिन्छ । नेपाली भाषामा विज्ञान तथा प्रविधिसँग सम्बन्धित पारिभाषिक शब्दको अभावका कारणले पनि यस्तो अवस्था सिर्जना भएको हुन सक्छ । उदाहरणका लागि नेपाली भाषामा अत्यधिक रूपमा आगन्तुक शब्द प्रयोग हुने केही विषय वा क्षेत्रहरू यसप्रकार छन्:

- कम्प्युटर ल्यापटपसँग सम्बन्धित शब्दहरू - जस्तैः एप्लिकेसन (एप), डिस्प्ले, प्रोसेसर, ऱ्याम, स्टोरेज, अपरेटिङ सिस्टम, ब्राउजर, वाइफाइ, ब्याट्री, ब्लु टुथ, नोटिफिकेसन, मेमोरी कार्ड, पावर बैंक, क्यामरा, हार्ड डिस्क, माउस, किबोर्ड, पेन ड्राइभ, सेभ, कपि, फोटोकपी, बाइन्डिङ, कभर पेज, प्रिन्टर, स्क्यान, आर्टिफिसियल इन्टेलिजेन्ट आदि ।
- कानुन विषयसँग सम्बन्धित शब्दहरू - जस्तैः अदालत, वकिल, वकालत, मुद्दा, फौजदारी मुद्दा, वारेस, वारेसनामा, मुचुल्का, सर्जमिन, कानुन, वसियत, माफी, रिट, सजाय, दावी, जमानत, हक, अपिल, तारिख, रद्द आदि ।
- खेलकुदसँग सम्बन्धित शब्दहरू - जस्तैः फुटबल, भलिबल, बास्केटबल, टेबलटेनिस, ब्याडमिन्टन, क्रिकेट, क्यारमबोर्ड, चेस, गोल, अम्पायर, गोलकिपर, गोल पोस्ट, टिम,

च्याम्पियन, कोच, बलिङ, ब्याट, वल्ड कप, डिफेन्सिभ, अफेन्सिभ, स्ट्राइकर, स्टेडियम, ओलम्पिक, हक्की, एथलेटिक्स, सिल्ड, ट्रफी, सेमी फाइनल, फाइनल आदि ।

- टेलिफोन मोबाइलसँग सम्बन्धित शब्दहरू - जस्तैः फोन, कल, म्यासेज, भाइबर, फेसबुक, इमेल, मेल, म्यासेन्जर, मिस्डकल, एसएमएस, च्याट, मोबाइल डेटा, स्मार्टवाच, पपअप, सेलुलर नेटवर्क, स्मार्टवाच, मल्टिटास्किङ, सेल्फी, पावर सेभिङ मोड, इन्फ्रारेड (IR), क्लाउड स्टोरेज, ब्लुटुथ आदि ।
- रोग, औषधि उपचारसँग सम्बन्धित शब्दहरू - जस्तैः क्यान्सर, टिभी, ग्यास्ट्रिक, सुगर, डायबिटिज, प्रेसर, निमोनिया, थाइराइड, ब्रोङ्काइटिस, एक्सरे, अपरेसन, भिडियो एक्सरे, डक्टर, नर्स, सर्जन, डायग्नोसिस, फिजिसियन, सर्जन, हेल्थपोस्ट, वार्ड, क्याबिन, ल्याब, फार्मेसी, ब्लड टेस्ट, मेडिकल रिपोर्ट, एन्टिबाइटिक, भ्याक्सिन, इन्जेक्सन, इन्फेक्सन, एनेस्थेसिया, फिजियोथेरापी आदि ।
- श्रृङ्गारका लागि प्रयोग हुने शब्दहरू - जस्तैः क्रिम, पाउडर, लिपिस्टिक, लोसन, फेसियल, फेस वास, क्लिन्जिङ मिल्क, गाजल, नेल पोलिस, नेल पेन्ट, मेकअप, कस्मेटिक, आइ मेकअप, आइ स्याडो, क्लिप, हेयरब्यान्ड, ब्रासलेट, नेकलेस, इयररिङ्ग आदि ।
- सूचना सञ्चारसँग सम्बन्धित शब्दहरू - जस्तैः रेडियो, टेलिभिजन, अखबार, खबर, हाइलाइट, इमेल, फ्याक्स, एफएम, च्यानल, लाउडस्पिकर, वायरलेस आदि । नेपालमा स्थापना भएका कतिपय टेलिभिजन च्यानलको नाममा समेत आगन्तुक शब्दकै प्रयोग गरिएको पाइन्छ, जस्तैः नेपाल टेलिभिजन, एनटिभी प्लस, एबिसी, एभिन्युज टिभी, माउन्टेन टिभी आदि ।

७. नेपाली शब्दसरह (जतासुकै) प्रयोग भएका आगन्तुक शब्दहरू

नेपाली भाषामा कतिपय आगन्तुक शब्दहरू ठेट नेपाली शब्दहरू जस्तै गरी प्रयोग भएका भेटिन्छन् । यस्ता शब्दहरूमा नेपाली भाषाकै अथवा अन्य भाषाका उपसर्ग, प्रत्यय लागेर, द्वित्व भएर प्रयोग हुनाका साथै उखान र टुक्काका रूपमा समेत प्रयोग भएका छन् । यस्ता शब्दहरू पनि नेपाली भाषामा प्रयोग भइरहेका छन्, उदाहरणका लागि

अकल (अ. अक्ल) ना. - अकलदार, अक्कल, अक्कलगुम, अक्कली, अक्कलमन्द, अकिल, अकिलदार, अक्कले आदि ।

अख्तियार (अ.) ना. - अख्तियार गर्नु (टु.), अख्तियारनामा, अख्तियारी (वि.), अख्तियार प्राप्त, अख्तियारवाला (वि.), अख्तियार दुरुपयोग अनुसन्धान आयोग (ना.) आदि ।

अचार (फा.) ना. - अचार तरकारी, अचार पार्नु, अचार बनाउनु, अचारे आदि ।

अटो (अङ्.) ना. - अटोग्राफ, अटोबस, अटोमेटिक, अटोमोबाइल्स, अटोरिक्सा आदि ।

अदालत (अ.) ना. - अदालतको मानहानि नाप., अदालतको तहसिल ना., अदालती (अदालत + ई) वि., अदालती जाँच ना., अदालती बन्दोबस्त ना., अदालती लिखत ना., जिल्ला अदालत, अञ्चल अदालत, सर्वोच्च अदालत, अड्डासड्डा (द्वित्व), अड्डाअदालत (समास), अड्डाअदालत धाउनु, सम्पत्ति नास गर्नु (उखान) आदि ।

अफर (अङ्.) ना. - विन्टर अफर, समर अफर, अफरैअफर (द्वित्व), बिग अफर, फेस्टिबल अफर आदि ।

अफिस (अङ्.) ना. - अफिसर, अफसर, अफिसरी, अफसरी, अफिस होल्डर, अफिस टाइम आदि ।
अबिर (अ. अबीर) ना. - अबिर जात्रा, अबिरी, अबिरे, अबिरसबिर (द्वि.) आदि ।
अमल (अ.) ना. - अमलदार (अमल + दार) ना., अमली (अमल + ई) वि., अमाल ना. आदि ।
अमेरिका (अङ्.) ना. - अमेरिकाली (अङ्.) वि., अमेरिकी वि., अमेरिकन वि. आदि ।
उजुर (अ. उज्र) ना. - उजुरी, उजुरवाला, बेउजुर, उजुरी पत्र, उजुरबाजुर (द्वि.) आदि ।
कारबार (फा.) ना. - कारोबार, कारोबारी, कारोबार गर्नु आदि ।
कार्टुन (अङ्.) ना. - कार्टुनिस्ट, कार्टुन चित्र, कार्टुन फिलिम, कार्टुन मान्छे, कार्टुन बनाउनु, कार्टुन हुनु (टु.) आदि ।
कार्बन (अङ्.) ना. - कार्बन कपी, कार्बन पेपर, कार्बनिक, कार्बोन, अकार्बनिक आदि ।
जग्गा (फा. जायगाह) ना. - जग्गाधनी, जग्गावाल, जग्गाकर, जग्गादपोट, जग्गाजमिन, जग्गावाला, जग्गा मिच्नु, जग्गा नाप्नु, जग्गा नापजाँच, घर जग्गा, घर जग्गावाला, घर जग्गाकर, जग्गा विकास (सं.)
कर (सं.), पर्ती जग्गा, सरकारी (फा.) जग्गा, लम्बरी (लम्बर (नम्बर अङ्) + ई) जग्गा, सार्वजनिक (सं.) जग्गा, ऐलानी जग्गा, रैकर जग्गा, गुठी जग्गा, पैतृक जग्गा, बन्धक जग्गा, जग्गा फुकुवा, जग्गा बाँडफाँड गर्नु, जग्गा टुक्र्याउनु आदि ।
सोमत (अ. सोहबत) ना. - सोमती, असोमती (वि.), असोमतिलो, सोमतिलो आदि ।

निष्कर्ष

नेपाली भाषामा देशभित्र र देशबाहिरका विभिन्न भाषाहरूबाट शब्दहरू आएर प्रयोग भइरहेका छन् । यस्ता शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । ती शब्दहरू जुन भाषाबाट आएका हुन् त्यसलाई सो शब्दको स्रोतभाषा भनिन्छ । आगन्तुक शब्द आगमनका स्रोतभाषाहरू स्वदेशी र विदेशी गरी दुई प्रकारका रहेका छन् । *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९) मा रहेको जम्मा २१०६ पृष्ठमध्ये ४३४ (२०.६१%) नमुना पृष्ठ छनोट गरी ती पृष्ठमा रहेका आगन्तुक शब्दहरूको अध्ययन गर्दा स्वदेशी भाषाबाट ११०४ (४.१७%) ओटा र विदेशी भाषाबाट १४५४ (५.४९%) ओटा आगन्तुक शब्द आएको पाइन्छ । स्वदेशी भाषाहरूमा सबभन्दा बढी राई भाषाबाट आगन्तुक शब्द आएका छन् भने त्यसपछि क्रमशः नेवारी, थारू, मगर, लिम्बू, गुरुङ, मैथिली, अवधी भाषाबाट आगन्तुक शब्दहरू नेपाली भाषामा आएर प्रयोग भइरहेको भेटिन्छ । नेपालभित्रका भाषाहरूमा थकाली, शेर्पा, सुनुवार, ताजपुरिया, भोजपुरी लगायत २३ ओटा भाषाहरूबाट आएका आगन्तुक शब्दहरू ०.१ प्रतिशतभन्दा कम रहेको छ भने केवरत, खाम्ची, चेपाङ, पहरी, मनाङे, मराठी, सुरेल गरी ७ ओटा भाषाबाट आएका शब्दहरू यी पृष्ठमा भेटिएनन् । विदेशी भाषाहरूमा सबभन्दा बढी अङ्ग्रेजी भाषाबाट आगन्तुक शब्द आएको पाइन्छ । त्यसपछि क्रमशः अरबी, फारसी, असमी, दार्जिलिङ, हिन्दी भाषाबाट आगन्तुक शब्दहरू नेपाली भाषामा आएर प्रयोग भइरहेको भेटिन्छ । विदेशी भाषाहरूमा भुटानी, चिनिया, तुर्की, पुर्तगाली लगायत ८ ओटा भाषाहरूबाट आएका आगन्तुक शब्दहरू ०.१ प्रतिशतभन्दा कम रहेको छ भने उर्दू, जर्मनेली, तिब्बती, बङ्गाली, रुसी, स्पेनिस गरी ६ ओटा भाषाबाट आएका शब्दहरू यी पृष्ठमा भेटिएनन् । यसरी स्वदेशी भाषाबाट ४.१७ प्रतिशत र विदेशी भाषाबाट ५.४९ प्रतिशत गरी झन्डै १० प्रतिशत आगन्तुक शब्द रहेको पाइए तापनि नेपाली भाषा प्रयोगमा यसको प्रभाव बढी देखिन्छ । यस्ता शब्दहरू विविध अवस्था (केही जस्ताको तस्तै, केही नेपालीकरण गरेर, केही दुवै रूपमा आदि) मा प्रयोग भइरहेका छन् । केही आगन्तुक शब्द अनेकार्थी

रहेका छन् भने एउटै अर्थ बुझाउनका लागि दुईओटा आगन्तुक शब्द प्रयोग भएको पनि भेटिन्छ। कुनै कुनै विषय वा क्षेत्रमा त अधिकांश शब्दहरू आगन्तुक नै रहेका छन्। केही आगन्तुक शब्दहरू भने नेपाली शब्दसरह उपसर्ग लागेर, प्रत्यय लागेर, समास भएर तथा द्वित्व भएर समेत प्रयोग भइरहेका छन्। आगन्तुक शब्दको प्रयोगलाई विश्वका कुनै पनि भाषामा पूर्ण रूपमा नकार्न सकिँदैन। कम विकसित र विकासोन्मुख देशहरूमा विज्ञान तथा प्रविधिको विकास कमै हुने भएकाले यसको प्रभाव अलि बढी हुने देखिन्छ। विभिन्न भाषाबाट शब्द ग्रहण गर्दा आफ्नै उच्चारण र वर्णविन्यास सुहाउँदो शब्दहरू निर्माण गरी (नेपालीकरण गरेर) प्रयोग गर्न सकेमा यस्ता शब्दहरूमा धेरै हदसम्म अपनत्व महसुस गर्न सकिन्छ। आफ्नै भाषामा भएका बहुप्रचलित शब्दलाई प्रतिस्थापन गरेर आगन्तुक शब्द प्रयोग गर्ने प्रवृत्तिलाई रोक्न सकेको खण्डमा पनि यसको प्रयोग कम हुने देखिन्छ। नयाँ आविष्कार भएका वस्तु तथा सेवा बुझाउने शब्दका लागि सकेसम्म आफ्नै भाषा, भाषिका, उपभाषिकाहरूमा प्रचलित शब्दको खोजी गरेर वा माउ भाषा एवम् भगिनी भाषाहरूबाट शब्द ग्रहण गरेर वा सम्बन्धित भाषाका निकटतम स्रोतबाट शब्द निर्माण गरेर प्रयोग गर्न सके आफ्नै भाषालाई समृद्ध बनाउन सकिन्छ। तसर्थ लामो इतिहास भएको, आफ्नै मौलिकता र विशेषता बोकेको तथा समृद्ध शब्दभण्डार भएको नेपाली भाषाको अस्तित्व जोगाउनका लागि आगन्तुक शब्दको अत्यधिक प्रयोगलाई कम गर्नैपर्ने चुनौती हाम्रो सामु पनि आइसकेको छ।

सन्दर्भ सामग्रीसूची

खनाल, चक्रपाणि (२०६४). *भाषाविज्ञान शब्दकोश.* सरस्वती प्रकाशन।

निरौला, यज्ञेश्वर र अन्य (सम्पा.) (२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

न्यौपाने, टङ्कप्रसाद (२०५१). *भाषा विज्ञानको रूपरेखा.* नेपाल बुक डिपो।

पण्डित, हेमराज (१९६९). *चन्द्रिका गोरखा भाषा व्याकरण.* लेखक स्वयम्।

पण्डित, हेमराज (१९६९). *चन्द्रिका गोरखा भाषा व्याकरण* (दोस्रो संस्क. २०४२ र तेस्रो संस्क. २०५१). साझा प्रकाशन।

पोखरेल, बालकृष्ण (२०६३), *नेपाली व्याकरण शारदा* (भाग १), शान्तादेवी पोखरेल।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०४०). *नेपाली बृहत् शब्दकोश* (संशोधित र परिवर्द्धित दसौँ संस्क. २०७५). नेपाल प्रज्ञा-प्रतिष्ठान।

पोखरेल, माधवप्रसाद र प्रधान, मीरा (२०८१). *नेपाली व्याकरण कोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

प्रधान, मीरा (२०७४). *नेपाली व्याकरणको पारिभाषिक शब्दकोश.* साझा प्रकाशन।

रेग्मी, चूडामणि उपाध्याय (२०२५). *नेपाली भाषाको उत्पत्ति.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

लंसाल, रामचन्द्र (२०४६). *कोशविज्ञान र नेपाली कोश.* शारदा लंसाल।

शर्मा, बाल चन्द्र (सम्पा.) (२०१९). *नेपाली शब्द-कोश.* रायल नेपाल एकेडेमी।

शर्मा, मोहनराज (२०३६). *शब्द रचना र वर्णविन्यास भाषावैज्ञानिक पद्धति.* पाठचक्रम विकास केन्द्र।

शर्मा, मोहनराज (२०७१). *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् १९९७). *भाषाविज्ञानको सैद्धान्तिक चिन्तन.* राधाकृष्ण प्रकाशन।